नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

प्रेस विज्ञप्ति

## स्थलमार्गबाट नेपाल आउने पर्यटकवाहक सवारी साधन अब अनलाइनबाटै दर्ता गर्न सकिने

सरकारले भारतीय पर्यटक तथा भारत भएर नेपाल भित्रिने अन्य देशका पर्यटकलाई सहजीकरण गर्न अनलाइन सेवा सुरु गरेको छ। भन्सार विभागले स्थलमार्ग भएर नेपाल भित्रिने विदेशी सवारी साधनले अनलाइनबाटै विवरण भर्न र राजश्व तिर्न सक्ने प्रणाली विकास गरेर सञ्चालनमा ल्याएको हो। उक्त प्रणालीको एक कार्यक्रमबीच अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले शुभारम्भ गर्नुभयो। नयाँ प्रणाली सञ्चालनमा आएसँगै अब नेपालमा सवारीसाधन लिएर भित्रिने भारतीय पर्यटक तथा तेस्रो मुलुकका पर्यटकले अनलाइनबाटै आफ्नो विवरण भर्न र राजश्व तिर्न सक्नेछन्।

यस अघि नेपाल आउने सवारी साधनले भौतिक रुपमा भन्सार नाकामा आएर अस्थायी इजाजत लिनुपर्ने र नेपाल यात्राकै क्रममा यात्रा अवधि सकिए नवीकरणका लागि भन्सार नाकामै पुग्नुपर्ने वा जरिवाना तिर्नुपर्ने अवस्था थियो । नयाँ अनलाइन प्रणाली सुरु भएसँगै अब नेपाल भित्रिने पर्यटकले घरैबाट अनलाइनमार्फत विवरण भरी अनलाइनबाटै पैसा तिरेर आफ्नो सवारी साधनको इजाजत पत्र लिन र बिना झन्झट नेपाल घुम्न आउन सक्छन्।

नयाँ अनलाइन सहजीकरण सेवाको शुभारम्भ गर्दै अर्थमन्त्री डा.वाग्लेले सीमा क्षेत्रमा पर्यटकले पाउने सास्ती अब हट्ने बताउनुभयो । "सरकारले अनुशरण गरेको सुशासन र छरितो एवं गुणस्तरीय सार्वजनिक सेवा दिने घोषणा कार्यन्वयनको क्रममा यो कार्य सुरु गरिएको हो," अर्थमन्त्री डा. वाग्लेले भन्नुभयो,"पर्यटकलाई कुनै कठिनाइ नहोस्। सरकारी सेवा छिटो र छरितो होस् भन्ने हामी चाहन्छौं।"

नयाँ प्रणाली सुरुआत गर्दै भन्सार विभागका महानिर्देशक श्याम प्रसाद भण्डारीले नेपाल भित्रिने पर्यटक बोकेका विदेशी सवारी साधनको इजाजत अब डिजिटल भएको बताउनुभयो। उहाँका अनुसार अब नेपाल प्रवेश गर्ने यात्रु तथा पर्यटकले प्रयोग गर्ने विदेशी सवारीसाधन सम्बन्धी विवरण अनलाइनमै स्वयं घोषणा गर्न सक्नेछन्। जसले प्रक्रिया थप पारदर्शी र प्रभावकारी बनाउनेछ। नेपाल सरकारलाई तिर्ने राजश्व पनि त्यस्ता पर्यटकवाहक सवारीले अनलाइनबाटै वा बैंक काउन्टरबाट तिर्न सक्छन्। अनलाइनबाट पैसा तिरेका गाडीले भन्सार नाकामा आफ्नो इमेलमा प्राप्त क्यूआर कोड देखाएरै नेपाल छिर्न सक्ने उहाँको भनाई छ। यसरी प्राप्त हुने क्यूआर बोकेर पर्यटकवाहक सवारी आफ्नो गन्तव्यमा पुग्नसक्ने र आफ्नो यात्रा अवधि सकिएको खण्डमा पनि आफू रहेको नेपालस्थित ठेगानाबाट अनलाइनमार्फत नै यात्रा अवधि थप गर्न सक्नेछन्।

विभागकाअनुसार नेपाल राष्ट्रिय एकद्धार प्रणालीमार्फत नेपाल भित्रिने विदेशी नागरिकहरुलाई सहजता प्रदान गर्न अस्थायी सवारी आयात (टीआईभी) मोड्युल विकास गरिएको हो। यस सेवा लिनका लागि **भन्सार विभागको वेबसाइट**मा गएर **हाम्रा सेवाहरू** शीर्षकमा रहेको **टीआईभी** शीर्षकमा क्लिक गर्नुपर्छ र त्यसबाट भित्र रहेको विवरण अनलाइनबाट भर्न

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय



सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च. नं.:-

सकिन्छ। सबै विवरण अध्यवधिक गरिसकेपछि ग्राहकलाई क्युआरकोड प्राप्त हुन्छ। सोको आधारमा आफूले तिर्न पर्ने शुल्क तिरेर सवारी साधनहरु नेपाल भित्रिन र यात्रा गर्न पाउँछन्। तत्कालका लागि यो सेवा भारतीय स्थल मार्ग हुँदै नेपाल भित्रिने भारतीय तथा तेस्रो देशका पर्यटकले प्रयोग गर्ने सवारी साधनका लागि लागू गरिएको छ। हाल चिनियाँ नाका भएर स्थलमार्गबाट चिनियाँ सवारी साधनसहित पर्यटक आउने नगरेको र आएको खण्डमा उनीहरुका हकमा पनि यो सेवा उपलब्ध हुने व्यहोरा विभागले जनाएको छ। तत्कालका लागि यो सेवाबाट भारत र बंगलादेशका पर्यटक लाभान्वित हुने विश्वास लिइएको छ।

मिति २०८३ वैशाख २१ गते सोमवार

२०८३।१।२१

अमृत लम्साल
सहसचिव एवम् प्रवक्ता

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np